नेपाल सरकार

# ऊर्जा मन्त्रालय

## निर्माणाधीन जलविद्युत आयोजनाहरुको प्रगति तथा समस्या समाधानसम्बन्धी समीक्षा बैठकको प्रेस विज्ञप्ति

मिति : २०६६।८।२६

नेपाल सरकारबाट विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरी निर्माणका चरणमा रहेका जलविद्युत आयोजनाहरुको प्रगति तथा समस्या तथा त्यसका समाधानका सन्दर्भमा माननीय ऊर्जामन्त्री डा. प्रकाश शरण महतज्यूको अध्यक्षतामा आज मिति २०६६।८।२६ मा एक छलफल बैठक सम्पन्न भयो ।

मिति २०६०।१२।३ देखि २०६६।५।३० को अवधिमा निम्न आयोजनाहरु मैलुङ्ग खोला (५ मेगावाट), तल्लो न्यादी (४.५ मेगावाट), तल्लो इन्द्रावती (४.५ मेगावाट), दरम खोला (५ मेगावाट), चमेलिया खोला (३० मेगावाट), कुलेखानी तेस्रो (१४ मेगावाट), हेवा खोला (२.४ मेगावाट), तल्लो चाकु खोला (१.८ मेगावाट), सिप्रिङ खोला (१० मेगावाट), मादी-१ (२० मेगावाट), तल्लो मोदी-१ (१० मेगावाट), भैरवकुण्ड (१.८५ मेगावाट) तथा सिउरी खोला (५ मेगावाट) गरी कुल १३ वटा अनुमति पत्र जारी भएको र कुल ११३ मेगावाट क्षमताको आयोजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेको छ ।

उक्त बैठकमा त्यस्ता अनुमतिपत्र प्राप्त संस्थाहरुबाट आयोजनाको प्रगति, समस्या तथा ऊर्जा मन्त्रालयबाट अपेक्षा गरेको सहयोग सन्दर्भमा प्रस्तुती गरिएको थियो ।

उक्त बैठकमा स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था-नेपाल (IPPAN), नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) का प्रतिनिधिहरु तथा ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरणका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

प्रबर्द्धकहरुबाट मुलतः आयोजनामा वन सम्बन्धित कार्यालयबाट निकासा लिन अत्यधिक समय लाग्ने, विस्फोटक पदार्थ खरीदको लागि सहमति प्राप्त गर्न अत्यधिक समय लाग्ने गरेको, प्रसारण लाइनको सञ्जाल अपर्याप्त भएको, विद्युत खरीद बिक्री सम्झौता गर्न लामो समय लाग्ने गरेको र यी प्रक्रियाहरुलाई सरलीकृत गर्न आवश्यक भएको बताएका थिए ।

उक्त बैठकमा अध्यक्षता गर्नुहुने माननीय ऊर्जा मन्त्रीज्यूबाट आयोजनाहरुले व्यहोरिरहेका समस्याहरुको सन्दर्भमा मन्त्रालयको तर्फबाट आवश्यक पहल गरिने, मन्त्रालयअन्तर्गतका निकायहरुबाट दिने सेवालाई छिटो छरितो रुपमा प्रदान गर्ने प्रतिबद्धता जाहेर गर्नु भयो । साथै अन्य मन्त्रालय/निकायहरुसँग गर्नुपर्ने समन्वय सन्दर्भमा पनि आवश्यक पहल गरिने जानकारी दिनु भयो । उक्त बैठकमा ऊर्जा सचिव श्री शंकर प्रसाद कोइरालाले सन्तोषजनक प्रगति नभइरहेका आयोजनाहरुको सन्दर्भमा आइपरेका समस्या समाधानमा ऊर्जा मन्त्रालय तथा अन्तर्गतका निकायहरुबाट आवश्यक सहयोग प्रदान गरिने र त्यसै बमोजिम सुधार कार्य गरिने जानकारी गराउनु भयो ।

**श्रीरञ्जन लाकौल**
महानिर्देशकः विद्युत विकास विभाग